# मेरो रेडियो श्रवणको कथा

**दुर्गाप्रसाद भण्डारी**

रेडियोसितको मेरो परिचय धेरै पातलो, आकस्मिक र कम विश्वसनीय परिचयहरूमध्ये एक हो । तेह्र वर्षको विशुद्ध पाखे बालक वा किशोर थिएँ म विक्रम सम्वत् २००६ मा । गाउँबाट सदरमुकामको फेदीमा मैले बास गरेको करिब एक डेढ वर्ष भएको थियो होला त्यस बेला । निरोलीबाट डोटी सिलगढीको अध्ययन-प्रवास । पुन्ना गाउँमा मेरो बास, सिलगढीमा मेरो पाठ, पाठशाला । पुन्ना गाउँ सिलगढीको मध्य फेदमा पर्छ । अन्दाजी आधा घण्टा जतिको ठाडो उकालो चढेपछि सिलगढी बजार आउँछ । त्यस्तै ओराली ओर्लिंदा बाटामा आकर्षक, अनाकर्षक व्यवधानहरू आइपरेनन् भने पन्ध्र मिनेट जतिमा पुन्ना गाउँमा झरिन्छ । सिलगढीका मानवहरू त्यस बेला आफैलाई बढी सदरीया, सभ्य भनी ठान्थे– म जस्तो ग्रामीणलाई असभ्य । त्यो समाजको चलनचल्तीको पदावली थियो 'पाखे' । पाखेको अर्थवोध धेरै पछि भयो मलाई । मेरो जीवनको बाल्यकाल रमणीय थियो केही निर्बोधता र केही अज्ञानताको कारण । पढाइ लेखाइप्रति जति मेरो विरक्ति थियो त्यति नै पशु, पङ्क्षी, जनावर, जङ्गल

आदिप्रति मेरो अनुरक्ति थियो । एक शब्दभित्र आफैलाई खुम्च्याउँ भने म जङ्गलमुखी बढी थिएँ, सहरमुखी धेरै कम– यदि त्यस बेलाको सिलगढी सहर थियो भने । केही कपडा, केही मुम्फली, केही चिनी-मिश्री, केही जुत्ता, केही मिठाइ बिक्री गर्नु, भोटो र सुरवाल लगाउनु सदरीया हुनुको चिनो हो भने त्यस बेलाका सिलगढीबासीहरू सदरीया थिए । सायद अहिले त्यो भेद-रेखा त्यही उग्रतामा छैन । म डोटी फिर्ता नभएको करिब साढे चार दशक भइसक्यो ।

ती दिनहरू थिए- बालवत् उत्तेजनाका, मेरो आफ्नै जङ्गलीपनका । शान्त, एकान्त मध्यकालीन अबोधताको काल थियो मेरो बाल्यकाल । त्यस्तो कोरा, आधुनिक युगको कुनै लक्षणबाट पनि अप्रदूषित मेरो जीवनमा रेडियोको चर्चा र आगमन एकदमै नौलो घटना थियो । २००५ सालको अन्ततिर वा २००६ सालको प्रारम्भमा सिलगढीमा रेडियो आएको खबर फैलियो । टेकबहादुर अमात्य, सापेक्षतः त्यहाँका एक सम्पन्न व्यापारी । तिनकै घरमा रेडियोका तारहरू जडिएको समाचारले उथलपुथल ल्यायो नजिकका श्रोता र दर्शकहरूमा । असामान्य रूपले जागृत देखिएका थिए केही हप्ताहरूसम्म सिलगढीका वणिकहरू एवं सिलगढी नजिकका पाखे र कृषकहरू । म पनि पाठशाला जाँदा र त्यहाँबाट फर्कंदा टेकबहादुरको घरतिर उभिन्थेँ– 'रेडी-बाजा' भित्रबाट आउने आवाज सुन्न, लाटोले केरा हेरेजस्तै गरी उभिन्थेँ तर न रेडियोको अर्थ बुझ्थेँ, न अभिप्राय । रेडियोभित्रबाट निस्कने ध्वनि सुन्दा पनि मख्ख हुन्थेँ र फुर्ति गर्थें, तल पुन्ना गाउँमा ओर्लेपछि । रेडियोको मधुर ध्वनि सुन्न नपाएका त्यहाँका ग्रामीण जनहरूको सामुन्ने फुर्ति गर्थें । केही क्षणका लागि म आफैलाई विशिष्ट भनी ठान्थेँ । केही दिनपछि, अलिकति पनि रेडियोको अर्थ नबुझ्दै म फर्कें आफ्नो पहाडी गाउँ निरोली, र त्यसको केही दिनपछि मलाई बोलाइयो मेरो तराइ गाउँ धनगढी । त्यहाँ रेडियोको आवाज सुन्न पाइएन । सिलगढी र धनगढीमा गरेका मेरा बदमासीहरूको योगफलस्वरूप मलाई काठमाडौँ पठाइयो । काठमाडौँमा यदाकदा रेडियो सुनिन्थ्यो– २००६ देखि सात सालको पूर्व सन्ध्यासम्म । सबै मध्यवर्गीय घरमा रेडियो काठमाडौँमा पनि सुन्न पाइँदैनथ्यो । रेडियोको महत्त्व बुझेका मेरा काठमाडौँका मित्रहरूसित कुनै कुनै घरमा प्रवेश गर्दा अल इण्डिया रेडियो मात्र सुनिन्थ्यो । जान्नेहरू कुरा गर्थे– नेहरूले के भने, श्री ५ त्रिभुवनको दिल्लीमा कसरी स्वागत गरियो, केशर शमशेर, विजय शमशेर र नेहरू बीचको वार्ताको सारांश के थियो आदि इत्यादि कुरा सुन्थेँ । तर रेडियोले बोल्ने भाषा म पटक्कै बुझ्दिनथेँ ।

सम्वत् २००८ सालमा म भारतमा निर्वासित भएँ अनिश्चित कालसम्म अध्ययन गर्नको लागि । त्यहाँ रेडियो सुन्ने सापेक्षतः बढी मौका मिल्यो, कहिले मित्र मण्डलीमा क्रिकेट कमेन्ट्री, कहिले खबर, कहिले ख्यातिप्राप्त व्यक्तिहरूको निधन घोषणा, कहिले विशिष्ट विदेशी पाहुनाहरू आएको अवसरमा विशेष ब्रोडकास्ट । भारतमा शिक्षा प्राप्त गर्ने औपचारिकताको उपसंहारपछि स्वदेश फर्कें । २०१६ सालपछि म क्रमशः नेपाल रेडियोन्मुख हुँदै गएँ । मेरो राजनीतिक चेतनामा पनि मन्द तीव्रता आएछ, नेपालमा राजनीतिक उथलपुथलको अनुपातमा । राणा शासनको अन्तिम दिनहरूमा सुनेको रेडियो– अल इण्डिया रेडियो थियो । दस वर्षको भारत प्रवासपछि काठमाडौँमा रेडियो नेपाल पनि सुन्ने पहिलो अवसर पाएँ । तर रेडियो नेपाल सुन्नमा त्यति उत्साह जागृत भइसकेको थिएन, जति मेरा समकक्षी मित्रहरूमा थियो । आफ्नै स्वामित्वमा रहने रेडियोको स्वाद वा अस्वाद २०१७ सालपछि मात्र आयो मेरो जीवनमा । रेडियो नेपालबाट प्रसारित विविध थरीका कार्यक्रमहरू रुचिअनुसार सुन्दै गएँ ।

रेडियोको अर्को एक प्रसङ्ग छ मसँग । कुरो सम्वत् २०४१ को हो । पञ्चायत जाँचबुझ समितिले मलाई पनि त्यस बेलाको संविधान तथा श्री ५ महेन्द्रको जन्म दिवसमा भाषण दिन भरतपुर पठायो । भरतपुर प्रवचनका प्रारम्भिक चरणमा राजा महेन्द्रका गुणहरूको स्मरण गरेँ, दोस्रोमा पञ्चायत अभ्यासको सूक्ष्म, अस्पष्ट, स्वस्थ समालोचना गर्दागर्दै आफ्नो मन्तव्यको चरम चरणमा भविष्यवाणी गरेँ– 'पञ्चायती व्यवस्था साढे तीन वर्षभन्दा बढी अड्ने छैन' । भव्य ताली आयो, अञ्चलाधीश, सीडीओ आदि भद्रभलाद्मीका चेहराहरू तिमिराच्छादित भए । मलाई तर्साउने हरेक प्रत्यक्ष-अप्रत्यक्ष रणनीतिको आविष्कार गरियो । प्रा.डा. रामेश्वर अधिकारी पनि मसित गएका थिए केवल भ्रमणानन्दका लागि, प्रवचनका लागि होइन । दोस्रो दिन बिहान रेडियो नेपालमा मेरो भाषणको सार आयोः डा. भण्डारीले भन्नुभो- "देशमा जताततै विकासको लहर छाएको छ ।" उच्चपदस्थ अधिकारीसँगै रामेश्वर र म रेडियो सुनिरहेका थियौँ । सुनिसकेपछि मैले सिडीओ रामकृष्ण पन्तलाई भनेँ, "मैले नभनेको कुरा कसरी आयो ?" उत्तरमा सीडीओले भने– "हजुरले भनेजस्तै आयो भने त हाम्रो के काम ?" म रिसाउनुभन्दा बढी अनुरञ्जित भएँ र चित्त बुझाएँ । मनमनै ठानेँ कि सीडीओ बफादार कर्मचारी रहेछन् । वास्तवमा आफ्नो यथार्थ बोल्नमा उनी इमानदार पनि देखिए । अरू कुराहरूजस्तै इमानदारी पनि सापेक्षित हुन्छ । दोस्रो दिन सीडीओले बडो चलाखीसित मलाई काठमाडौँ फर्काइदिए ।

यता काठमाडौँमा जाँचबुझ समितिले मेरो जागिर खोस्ने सिफारिस गरेछ । मनमनै ठानिरहेँ, खोसिदियो भने राम्रो हुने थियो । तर धेरै वर्षपछि थाहा भयो, तत्कालीन उपकुलपति रामचन्द्र बहादुर सिंहले पञ्चायत नीति तथा जाँचबुझ समितिको प्रस्तावको विरोध गर्नुभएछ ।

अहिलेको परिस्थिति बेग्लै छ । तुलनात्मक दृष्टिपात गर्ने हो भने अरू क्षेत्रहरूमा जस्तै देशको नैतिक, सांस्कृतिक, आर्थिक वायुमण्डल अनुकूल रेडियो कार्यक्रम र प्रसारण क्षमतामा पनि नेपाल अघि बढिरहेको छ । पछिल्ला वर्षहरूमा रेडियो नेपाल र विभिन्न एफएम रेडियोहरू प्रतिस्पर्धात्मक जोशसित अग्र गति लिइरहेका छन् जस्तो मलाई लागिरहेछ । मेरो विचारमा यो एक शुभसङ्केत हो । नेपाल अधिराज्यभित्र चलेका केही एफएमहरूसित मेरो साइनो गाँसिइसकेको छ । नियमित रूपले विगत तीनचार वर्षदेखि रेडियो सगरमाथामा म पनि सम्वद्ध छु, अवैतनिक सम्बन्ध ।

अहिले आएर रेडियोको इतिहास र मेरो जीवनमा यसको भूमिकाबारे मनन गर्दा म हतासिनु र अन्यौलमा पर्नु किमार्थ अस्वभाविक होइन जस्तो लाग्छ । सायद धेरै श्रोताहरूको लागि रेडियो समसामयिक सूचना र ज्ञानको एक बलियो माध्यम थियो होला । तर मेरालागि के थियो ? सन्तोषजनक उत्तर दिन अति कठिन प्रमाणित भएको छ । मेरो रेडियो सुनाइको कथा एक वक्र, तालसुर नमिलेको कथा हो । तथापि जे जति सूचना र मनोरञ्जन रेडियो नेपाल र अन्य रेडियोहरूको माध्यमबाट मैले पाएँ, त्यसको लागि म आफ्नो जीवनको अन्तसम्म नै कृतज्ञ भइरहनेछु । रेडियो नेपालसितको मेरो घनिष्ट सम्बन्धको इतिहास तीनचार दशकको मात्र हो । त्योभन्दा पहिले त म रेडियो नेपालसित राम्ररी परिचित पनि थिइनँ । अहिले नेपालभित्र विभिन्न वर्गका रेडियोहरू सशक्त माध्यम बनिरहेका छन् यो भू-मण्डलीकृत जगतमा । खुशी लाग्छ, अहिले नेपाल सञ्चार क्रान्तिसित लय मिलाउने क्रममा आफ्नो रेडियो बिस्तार प्रसारलाई समसामयिक बनाउनतिर निकै जागरुक भएर आएको छ । बहुसङ्ख्यक नेपालीहरूको सूचना र ज्ञानको लागि रेडियो सञ्चारमाध्यमहरूमध्ये सर्वाधिक सुलभ बनेको छ । बाल्यकालदेखि नै रेडियोको सुविधा पाएको भए म सायद यति अज्ञानी हुने थिइनँ होला । समयको पदचापसित मैले समन्वय मिलाउन सकिनँ । पहिले म 'पाखे' शब्दसित झस्किन्थेँ, अहिले मस्किन्छु, आनन्दित हुन्छु । कारण, पाखेभित्र प्राकृतिक सुषमा समाहित छ, सदरीया र सभ्यभित्र अप्राकृतिक कुरूपता ।